**प्रेस विज्ञप्ती**

**जबजको रक्षाको लागि हाम्रो लडाइँ**

**सुरज खरेल**

अध्यक्ष, राष्ट्रिय युवा संघ नेपाल,

लुम्बिनी प्रदेश कमिटी

**अन्याय र अवसरवादको अँध्यारो चिर्न तयार मेरा प्रिय युवा साथीहरू**

यो कुनै रहरमा लेखिएको विज्ञप्ति नभई रगत र आँसुले लेखिएको मौनविद्रोहको घोषणा हो । यो कुनै पद नपाउँदाको गुनासो नभई हाम्रो वैचारिक आस्थाको धरोहर, जननेता मदन भण्डारीको तस्वीरमुनि बसेर , उहाँकै विचारको छातीमा छुरा रोप्ने जुन अक्षम्य अपराध केन्द्रीय कमिटीमा आसिन अलोकतान्त्रिक र अवसरवादी झुण्डले गरेको छ , त्यसका विरुद्ध मेरो र म जस्ता हजारौं स्वाभिमानी युवाहरूको क्रन्दन हो ।

म, सुरज खरेललाई निलम्बन गर्ने जुन नाटक रचिएको छ , त्यो म माथिको हमला नभईनेकपा (एमाले) को आत्मामाथिको हमला हो । यो तिनै विचार , युवाशक्तिहरूमाथिको हमला होजसले हामीलाई यो देशको सबैभन्दा ठूलो शक्ति बनायो । यो जनताको बहुदलीय जनवाद (जबज) को मुटुमा प्रहार गरिएको विषालु छुरा हो । यो सत्यको पक्षमा उर्लँदो वैचारिक जागरणको भ्रूणहत्या गर्ने एउटा कायरतापूर्ण र घृणित षड्यन्त्र हो ।

त्यसैले, तिमीहरूले पठाएको त्यो कलङ्कित र अवैध कागजको टुक्रालाई म रद्दीको टोकरीमा मात्र होइन, इतिहासको फोहोरमैलामा फ्याँक्दै, यो वैचारिक युद्धको मोर्चामा आफूलाई बलिदानी दिन तयार रहेको घोषणा गर्दछु । यो लडाइँ पदको लागि कदापी होइन, हाम्रो गुमेको पद्धति र प्रतिष्ठा फर्काउने लडाइँ हो यो। यो लडाइँ व्यक्तिगत स्वार्थको लागि होइन , यो त हाम्रो सिङ्गो आन्दोलनको भविष्य र मदन भण्डारीको

सपनाको रक्षाको लागि हो । र यो लडाइँमा, हामी विजयी हुनेछौं, किनकि हामी सत्य, निष्ठा र विचारको पक्षमा छौं , र तिमीहरू भ्रम , बेइमानी र अवसरवादको अँध्यारोमा कैद छौ ।

ममाथि आज जो-जसले औंला उठाइरहेका छन् , उनीहरूलाई म आफ्नो रगत र पसिनाले सिञ्चित गरेको राजनीतिक इतिहासको साक्षी राख्न चाहन्छु । मेरो निष्ठा र विचारप्रतिको समर्पण कुनै रातारात उम्रिएको च्याउ होइन , यो त आगोको भट्टीमा खारिएको फलाम हो ।

मेरो राजनीतिक यात्रा त्यतिबेला सुरु भयो , जतिबेला धेरैले राजनीतिलाई बुझेका पनि थिएनन् । २०५९ सालमा अनेरास्ववियुको प्रारम्भिक कमिटीको अध्यक्षको रूपमा मैले पहिलो पटक रातो झण्डा बोक्ने सौभाग्य पाएँ । त्यो झण्डा एक थान कपडाको टुक्रा थिएन, त्यो मेरो लागि न्याय , समानता र परिवर्तनको संकल्प थियो । त्यही संकल्प बोकेर म अगाडि बढें , र २०६० सालमा अनेरास्ववियु रुपन्देही जिल्ला कमिटीको सदस्य बनें ।

तर, मेरो यात्रा सोझो र सरल कहिल्यै रहेन । जब-जब मैले पार्टीभित्र विचार र सिद्धान्तको कुरा उठाएँ, तब-तब ममाथि प्रहार भयो । एउटा लामो समय , केपी शर्मा ओली पक्षधर भएको नाममा मलाई निषेधको राजनीतिमा पारियो । मलाई पाखा लगाइयो, जिम्मेवारीबाट वञ्चित गरियो । तर , उनीहरूले यो बुझेनन् कि म कुनै व्यक्तिको पक्षधर होइन , म त जबजको विचार र त्यस विचारको सच्चा पहरेदारको पक्षधर थिएँ, र आज पनि छु । उनीहरूको निषेधले मलाई कमजोर बनाएन , बरु मेरो वैचारिक निष्ठालाई झनै बलियो बनायो ।

समय बदलियो, तर मेरो निष्ठा बदलिएन । २०७२ सालमा राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय संगठन विभाग सदस्य , २०७६ मा केन्द्रीय सदस्य , र २०७७ मा केन्द्रीय

सदस्य तथा लुम्बिनी प्रदेशको सह-संयोजकको जिम्मेवारीमा रहँदा मैले सधैं संगठनको हितलाई सर्वोपरि राखें । र अन्ततः , २०८० सालमा लुम्बिनी प्रदेशका तमाम युवाहरूको विश्वास जितेर म राष्ट्रिय युवा संघ नेपाल , प्रदेश कमिटीको अध्यक्षमा निर्वाचित भएँ ।

यो यात्राले मलाई के सिकायो भने, विचारको लडाइँमा कहिलेकाहीँ एक्लो भइन्छ, तर सत्यको बाटो कहिल्यै छोड्नु हुँदैन । कमरेड केपी शर्मा ओलीले हामीलाई सिकाउनुभएको थियो - सत्यसँग नलड्ने र शक्तिसँग नझुक्ने। यो हाम्रो आन्दोलनको मूल मन्त्र थियो । तर आज म प्रश्न गर्न चाहन्छु , कमरेडहरू, त्यो मन्त्र कहाँ गयोआज तपाईंहरू आफैंले स्थापित गरेको सत्यसँग किन लड्दै हुनुहुन्छर, एउटा सानो गुटको शक्तिको अगाडि किन झुकेर विचारको हत्या गर्दै हुनुहुन्छ ?तपाईंहरू आफ्नै भनाइमा किन रहन सक्नुभएन? आज ममाथि लगाइएको यो निलम्बनको आरोप त्यही निषेधको राजनीतिको अर्को कुरुप अध्याय हो , तपाईंहरूको आफ्नै आदर्शको मृत्युपत्र हो । तर उनीहरूले फेरि पनि बुझेका छैनन् मलाई जति निषेध गर्न खोजिन्छ , मेरो विचारको ज्वाला त्यति नै फैलिनेछ , किनकि म शक्तिसँग झुकेको छैन , म सत्यसँग उभिएको छु ।

एकछिन आँखा चिम्लेर सम्झौं त, कमरेडहरू ! के हामीले साँच्चै बिर्सिसक्यौं, हामी को हौं?के हाम्रो वैचारिक धरातल यति कमजोर थियो, जो आज बालुवाको महलझैं ढल्दैछ ? हामी ती होइनौं, जो बन्द कोठामा बसेर जनताको भाग्यको फैसला गर्छन् । हामी ती होइनौं, जो आलोचनाको एउटा सानो झिल्को देख्ने बित्तिकै आगोझैं सल्किन्छन् । हामी त त्यो महान् पथका यात्री हौं, जुन पथ जननेता मदन भण्डारीले आफ्नो रगत र पसिनाले कोर्नुभएको थियो । त्यो पथ, जसको नाम जनताको बहुदलीय जनवाद हो ।

गल्ती स्वीकार्ने र सच्चिने हिम्मतलाई मदन भण्डारीले कम्युनिस्टको सबैभन्दा ठूलो शक्ति मान्नुहुन्थ्यो । तर आज , हाम्रो संगठनमा आलोचनालाई अपराध र

आत्मालोचनालाई कायरता ठान्ने जुन अहंकार मौलाएको छ , के यो जबजको ठाडो अपमान होइन?

आँखा खोलेर हेर्नुहोस्, कमरेडहरू ! हाम्रो महान् आन्दोलन आज मृत्युशय्यामा छ । यो कुनै बाहिरी हमलाले भएको होइन, यो त भित्रभित्रै सल्केको क्यान्सरले भएको हो । यो संकट आकस्मिक होइन, यो त जबजको वैचारिक मार्गदर्शनबाट विचलित हुँदै, सिद्धान्तलाई तिलाञ्जली दिएर, अवसरवादको विष पिएको परिणाम हो । यो क्यान्सरका लक्षणहरू अब लुकाएर लुक्दैनन्, यो त हाम्रो शरीरको हरेक अंगमा फैलिसकेको छ।

हाम्रो पार्टी आज विचार र नीतिले होइन, गुट नामको महारोगले चलिरहेको छ । यहाँ योग्यता र क्षमताको कुनै मूल्य छैन, यहाँ त केवल सोधिन्छ तँ कुन गुटको ?। यदि तपाईं कुनै गुटको दास बन्न सक्नुभएन , यदि तपाईंले स्वतन्त्र विचार राख्ने दुस्साहस गर्नुभयो भने, तपाईंलाई किनारा लगाइन्छ, तपाईंको राजनीतिक हत्या गरिन्छ । दशौं राष्ट्रिय महाधिवेशनमा हामीमाथि गरिएको शत्रुतापूर्ण व्यवहार के थियो ?त्यो त फरक विचार राख्नेहरूको सामूहिक हत्या गर्ने प्रयास थियो ! के यही हो हाम्रो जबज ?

नेतृत्वको वरिपरि एउटा यस्तो भजनमण्डली खडा भएको छ , जसको काम नेताको हरेक गलत निर्णयमा पनि वाह ! वाह !गर्नु मात्र हो । यिनीहरूले नेता र कार्यकर्ताबीच एउटा फलामे पर्खाल खडा गरिदिएका छन्, जहाँबाट तलको चित्कार र पीडा कहिल्यै माथि पुग्दैन । यिनीहरूले केपी ओलीजस्तो अग्लो कदको नेतालाई आफ्नो घेराबन्दीमा पारेर, उहाँको आँखामा पट्टी बाँधेर, जनताबाट टाढा बनाउँदैछन् । जब मैले यही दुर्गन्धविरुद्ध आवाज उठाएँ, तब मलाई नेतृत्वको अपमान' गरेको आरोप लगाइयो ! के सत्य बोल्नु अपमान हो ?

हाम्रो संगठनभित्र प्रश्न सोध्ने, फरक मत राख्ने र नेतृत्वको आलोचना गर्ने परम्पराको आज हत्या गरिएको छ । यहाँ केवल आदेश चल्छ, प्रश्न चल्दैन । यहाँ भक्ति चल्छ,

विचार चल्दैन । मैले केन्द्रीय कमिटीको अलोकतान्त्रिक निर्णयलाई चुनौती दिँदै प्रदेश कमिटीको बैठक बोलाउनु के अपराध थियो ?लेनिनवादी संगठनात्मक सिद्धान्तको दुहाइ दिनेहरूले के बिर्सिए कि लेनिनवादले लोकतान्त्रिक केन्द्रीयताको कुरा गर्छ , दासताको होइन?के यो आन्तरिक लोकतन्त्रको गला रेट्ने काम होइन ?

जब पार्टी र संगठनमा यस्ता रोगहरू लाग्छन् , तब त्यसको सिधा असर जनतासँगको सम्बन्धमा पर्छ । हामी जनताका मुद्दाभन्दा सत्ता र शक्तिको फोहोरी खेलमा यसरी डुब्यौं कि हामीले जनतालाई नै बिर्सियौं । हाम्रा कार्यक्रमहरू जनतालाई गोलबन्द गर्ने होइन, गुटको शक्ति प्रदर्शन गर्ने माध्यम बने । परिणाम?जनता र हाम्रो बीचमा एउटा गहिरो खाडल खनिएको छ । के हामीले यही दिन देख्नको लागि रगत र पसिना बगाएका थियौं ?

होस गर्नुहोस्, कमरेडहरू ! यो वैचारिक र संगठनात्मक स्खलनको अन्त्य नगरी हाम्रो आन्दोलन एक इन्च अगाडि बढ्न सक्दैन । अब सामान्य टालटुलले यो क्यान्सर निको हुँदैन । अब त यो आन्दोलनलाई बचाउन एउटा ठूलै वैचारिक शल्यक्रिया आवश्यक छ, र त्यो शल्यक्रिया गर्न हामी पछि हट्नु हुँदैन !

सूर्यले यो धर्तीमा चौबीसै घण्टा प्रकाश दिइरहेको हुन्छ । अँध्यारो त केवल पृथ्वी आफैं घुमेर सूर्यलाई छेकेपछि मात्र हुन्छ । यसको अर्थ , उज्यालो शाश्वत सत्य हो , अँध्यारो त अस्थायी भ्रम मात्र हो । जननेता मदन भण्डारी हाम्रो आन्दोलनको त्यही कहिल्यै ननिभ्ने सूर्य हुनुहुन्थ्यो । आज उहाँको भौतिक शरीर हामीमाझ छैन , तर उहाँको विचारको प्रकाशलाई कसले छेक्न सक्छ ?तर दुर्भाग्य, आज केही व्यक्तिहरू आफ्नो स्वार्थ र अहंकारको पृथ्वीले त्यो प्रकाशलाई छेकेर, हाम्रो महान् आन्दोलनलाई अँध्यारो सुरुङमा धकेल्ने दुस्साहस गरिरहेका छन् । तर याद राख , यो अँध्यारो धेरै बेर टिक्ने छैन !

त्यही अँध्यारोलाई चिर्न, त्यही प्रकाशलाई पुनर्जीवित गर्न, कमरेड विद्यादेवी भण्डारीले आज एउटा विराट र ऐतिहासिक निर्णय लिनुभएको छ । के तपाईंहरूलाई लाग्छ, यो निर्णय उहाँले आफ्नो व्यक्तिगत सुख र सुविधाको लागि लिनुभएको हो ?होइन ! आजीवन सुविधा र विशेष राजकीय सम्मानलाई लात मारेर, फेरि एकपटक राजनीतिको यो काँडैकाँडा भएको मैदानमा फर्कनु कुनै रहर हुन सक्छ ?सक्दैन ! यो त एउटा विवशता हो, एउटा पीडा हो, एउटा आमाले आफ्नो सन्तान मरिरहेको टुलुटुलु हेर्न नसकेर लिएको निर्णय हो ।

उहाँले देख्नुभयो, मदन भण्डारीले आफ्नो रगत र पसिनाले बनाएको पार्टी आज कसरी गुटबन्दीको क्यान्सरले छियाछिया हुँदैछ । उहाँले सुन्नुभयो , हजारौं इमान्दार कार्यकर्ताहरूको मौन चित्कार, जो अपमानित भएर पनि पार्टी छोड्न सकिरहेका छैनन् । उहाँले महसुस गर्नुभयो, देशको स्वाभिमान र राष्ट्रियता कसरी दिनप्रतिदिन कमजोर बनाइँदैछ । के यो सब देखेपछि, उहाँ चुप लागेर बस्न सक्नुहुन्थ्यो ? जसले आफ्नो सिङ्गो जीवन यही आन्दोलनमा समर्पित गर्नुभयो, जसले मदनको सहयात्री बनेर अनेकौं आँधीबेहरीको सामना गर्नुभयो, के उहाँले यो पार्टीलाई यसरी मर्दै गरेको हेरेर बस्न सक्नुहुन्थ्यो?

अनि सम्झनुहोस् त उहाँको कार्यकाल ! उहाँले देशको पहिलो महिला राष्ट्रपतिको रूपमा इतिहास रच्नुभयो, तब उहाँले एउटा पद मात्र लिनुभएको थिएन , उहाँले यो देशको शिरलाई संसारभर उच्च बनाउनुभएको थियो । विदेशी शक्तिहरूले हाम्रो सिमानामा आँखा लगाइरहेका थिए , तब यही देशको संसदबाट सर्वसम्मतिले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको चुच्चे नक्साजारी गर्दा त्यसलाई प्रमाणित गर्ने आँट कसले गरेको थियो?के त्यो राष्ट्रिय स्वाभिमानको प्रतीक थिएन ?

तर आज हेर्नुहोस्, त्यही स्वाभिमानी व्यक्तित्वलाई, त्यही ऐतिहासिक पात्रलाई, पार्टीको एउटा साधारण सदस्यता दिन मिल्छ कि मिल्दैन भनेर बहस गर्ने दुस्साहस गरिँदैछ !

योभन्दा ठूलो कृतघ्नता र वैचारिक दिवालियापन के हुन सक्छ ?जुन नेतृत्वले मदन भण्डारीको जीवन संगिनी र वैचारिक उत्तराधिकारीलाई एउटा सदस्यता दिन हिच्किचाउँछ, के त्यो नेतृत्वले मदनको विरासत बोक्न सक्छ ? यो प्रश्नले आज हरेक सच्चा कार्यकर्ताको मनलाई घोचिरहेको छ, रगत उमालिरहेको छ ।

अब म ममाथि लगाइएका झुटा र मनगढन्ते आरोपहरूको एक-एक गरी चिरफार गर्न चाहन्छु ।

**आरोप नं. १ः महाधिवेशनमा अशिष्ट व्यवहार र दुर्व्यवहार गरेको ।**

**खण्डनः**दुर्व्यवहार ?यो आरोप सुन्दा मेरो रगत उम्लिन्छ ! त्यो कुनै सामान्य निर्वाचन थिएन, त्यो त लोकतन्त्रको हत्या गर्ने एउटा सुनियोजित षड्यन्त्र थियो । म एउटा उम्मेदवारको प्रतिनिधिको रूपमा त्यहाँ उभिएको थिएँ , मैले आफ्नै आँखाले देखें कि कसरी निर्वाचन मण्डलका सदस्य र युवा संघका इन्चार्ज राजीव पहारी, जनवर्गीय संगठन संयन्त्र का प्रमुख तथा निर्वाचन मण्डल का आदरणीय अध्यक्ष क . भानुभक्त ढकाल लगायत ले नै फरक विचार राख्ने प्रतिनिधिहरूलाई कोठामा बोलाएर तँलाई प्रतिनिधि हुनबाटै बञ्चित गरिदिन्छु' भनेर धम्की दिइरहेका थिए । उनीहरूलाई तर्साएर, उनीहरूको आत्मा मारेर , दासता स्वीकार्न बाध्य पारिँदै थियो । आधिकारिक र अनाधिकृतका रुपमा कित्ताकाँट गर्दै अधिवेशनलाई मुडभेडमा लगिंदै थियो। जुन असह्य थियो ! त्यो अत्याचार देखेपछि मेरो विवेकले विद्रोह गर्यो , मेरो रगतले प्रतिवाद गर्योक। त्यो मेरो अशिष्टताहोइन , त्यो त अन्यायको विरुद्धमा एउटा स्वाभिमानी कार्यकर्ताको विस्फोट थियो । यदि लोकतन्त्रको हत्या हुँदा चुप बस्नु शिष्टताहो भने , मलाई हजार पटक अशिष्टभनियोस्, मलाई स्वीकार छ !

**आरोप नं. २: प्रतिनिधिहरूलाई धम्काएको ।**

**खण्डन:**धम्की?यो शब्द सुन्दा मेरो शिर निहुरिन्छ , तर लाजले होइन, घृणाले ! मलाई आरोप लगाउनेहरू हो, हिम्मत छ भने एउटा प्रमाण लिएर आऊ ! मैले कसलाई, कहाँ र कहिले धम्की दिएँ ?तिमीहरूसँग कुनै प्रमाण छैन, किनकि यो तिमीहरूको दिमागमा रचिएको एउटा फोहोरी र कपोलकल्पित कथा बाहेक केही होइन । सत्य त यो हो कि, धम्की मैले होइन , तिमीहरूको अत्याचार र अन्यायबाट फरक विचार राख्ने ती निहत्था प्रतिनिधिहरूले खेपिरहेका थिए । उनीहरूको मौन चित्कार तिमीहरूले सुनेनौ , तर मैले सुनें ! उनीहरूको आँखाको त्रास तिमीहरूले देखेनौ , तर मैले देखें ! मैले उनीहरूलाई धम्की होइन , ढाडस दिएको थिएँ । मैले उनीहरूलाई धम्की होइन , अन्यायको विरुद्धमा बोल्ने हिम्मत दिएको थिएँ ।

**आरोप नं. ३: सामाजिक सञ्जालमा पार्टी नेतृत्वलाई लाञ्छना लगाएको ।**

**खण्डन:**लाञ्छना?मलाई यो आरोप लगाउनेहरूले एकपटक मेरो सामाजिक सञ्जालमा गएर हेर्ने हिम्मत गरून् ! हो, मैले लेखेको छु, र आवश्यक परे हजार पटक लेख्नेछु ! मैले लेखेको थिएँ - "केपी ओलीज्यूको योगदानलाई कमजोर बनाउन खोजिएको होइन। तर , बालकोट वरिपरि नायकको मुखुण्डो लगाएका चाकडीवादिहरूले एमालेलाई जनताको पार्टी होइन , गुटको पार्टी बनाउन खोजे।" के यो लाञ्छना हो?कि यो एउटा कार्यकर्ताले आफ्नो पार्टी मर्दै गरेको देख्दाको पीडाको चित्कार हो ?

मैले फेरि लेखेको थिएँ - "नेता जतिसुकै सक्षम भए पनि पार्टीभित्र लोकतान्त्रिक अभ्यास, आलोचनाको स्थान र सहमतिबाट निर्णय प्रक्रियालाई संस्थागत गर्न नसके त्यो पार्टी एक व्यक्तिकेन्द्रित शक्ति मात्रै बन्न पुग्छ।" के यो झुट हो ?जबजले हामीलाई व्यक्तिपूजा गर्न सिकाएको थियो कि संस्थालाई बलियो बनाउन ?मेरो संघर्ष सत्ताको

लागि होइन, सिद्धान्तको लागि हो । मेरो लडाइँ नेताको लागि होइन , संस्था बलियो बनाउनको लागि हो ।

मैले हाम्रो श्रद्धेय नेतालाई सम्बोधन गर्दै लेखेको थिएँ - "नेपालले पाएको दुर्लभ नेता तपाईं हो। तर चाकरीवाज र स्वार्थी सल्लाहकारहरूको भरमा अघि बढ्दा इतिहासले माफ गर्दैन।" के यो लाञ्छना हो ?कि यो एउटा कार्यकर्ताको आफ्नो नेताप्रतिको माया र चिन्ता हो ?मैले उहाँलाई भनेको थिएँ - "जनता बोलिरहेका छन् , सुन्नुहोस्। नत्र २०८४ मा राम राम..मात्र बाँकी रहनेछ।" के यो धम्की थियो ?कि यो आउँदै गरेको आँधीबेहरीको पूर्वसंकेत थियो, जुन तपाईंहरूले देख्न चाहनुभएन?

मेरो आलोचना व्यक्तिप्रति होइन , त्यो प्रवृत्तिप्रति हो , जसले हाम्रो पार्टीलाई भित्रभित्रै खोक्रो बनाउँदैछ । मैले पार्टी र संगठनलाई कमजोर बनाउने चाकडीवाद, गुटबन्दी र अलोकतान्त्रिक अभ्यासको विरुद्धमा बोलेको हुँ । जबजले दिएको विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्नु लाञ्छना होइन , यो त एउटा कम्युनिस्टको राजनीतिक धर्म हो । यदि नेतृत्वले आलोचनालाई लाञ्छना र चिन्तालाई धम्की देख्छ भने, समस्या मेरो अभिव्यक्तिमा होइन, नेतृत्वको हेर्ने र सोच्ने दृष्टिकोणमा छ । के अब हामीले आफ्नो पार्टीको माया गर्दा पनि तपाईंहरूको अनुमति लिनुपर्ने हो ?

**आरोप नं. ४: केन्द्रको निर्देशन अवज्ञा गरेको ।**

**खण्डन:**अवज्ञा?के को अवज्ञा ?कसको अवज्ञा ?केही थान नेताहरूको अहंकारको तुष्टीकरण गर्न, लुम्बिनीका हजारौं युवाहरूको म्यान्डेटलाई अपमान गर्ने निर्देशनको अवज्ञा? हो, मैले त्यो निर्देशनको अवज्ञा गरेको हुँ, र आवश्यक परे हजार पटक गर्नेछु !

मलाई स्पष्टीकरण सोधियो, मैले लिखित जवाफ पेश गरें । तर के केन्द्रले स्पष्टीकरण सोध्दैमा एउटा जीवन्त प्रदेश कमिटीले आफ्नो नियमित काम रोकेर , आफ्नो धड्कन

बन्द गरेर बस्नुपर्ने हो ?प्रदेश कमिटी केन्द्रीय कमिटीको दास होइन , त्यो त आन्दोलनको एउटा स्वाभिमानी अंग हो । मलाई अध्यक्ष बनाउने तपाईंहरू केही नेताहरूले होइन, मलाई त लुम्बिनीका हजारौं युवा कार्यकर्ताहरूले आफ्नो रगत र पसिनाको मत दिएर अध्यक्ष बनाएका हुन् । मेरो जवाफदेहिता तपाईंहरूको अहंकारप्रति होइन, मलाई विश्वास गर्ने ती हजारौं युवाहरूको सपनाप्रति छ । जब मैले उनीहरूको म्यान्डेटअनुसार बैठक बोलाएँ , तब मैले तपाईंहरूको निर्देशनको अवज्ञा होइन, मैले त मलाई अध्यक्ष बनाउने ती तमाम कार्यकर्ताहरूको आदेशको पालना गरेको हुँ !

अनि कुन मुखले तपाईंहरू विधानको धारा ४१ र ४२ को कुरा गर्नुहुन्छ ?के त्यो विधान तपाईंहरूले आफ्नो आलोचना गर्नेहरूको घाँटी रेट्न बनाएको हतियार हो?त्यही विधानले हामीलाई विचार राख्ने , बहस गर्ने र असहमति जनाउने अधिकार दिएको छैन?तपाईंहरू विधानलाई आफ्नो स्वार्थअनुसार अपव्याख्या गरेर हामीजस्ता कार्यकर्तामाथि प्रहार गर्नुहुन्छ, तब तपाईंहरूले विधानको रक्षा होइन, त्यसको दुरुपयोग गरिरहनुभएको हुन्छ । यो निलम्बनको निर्णय अवैध मात्र होइन , यो त हाम्रो आन्दोलनको आत्मामाथिको कलङ्कित दाग हो , जसलाई इतिहासले कहिल्यै माफी दिनेछैन ।

यो लडाइँ अब सुरज खरेलको व्यक्तिगत लडाइँ रहेन । यो त हामी प्रत्येक कार्यकर्ताको लडाइँ हो, जसले यो संगठनलाई आफ्नो रगत र पसिनाले सिञ्चित गरेका छौं । यो त हाम्रो घर जोगाउने लडाइँ हो , जसलाई केही भाडाका मान्छेहरूले भत्काउन खोजिरहेका छन् । त्यसैले, म आज यो पत्रकार सम्मेलनमार्फत राष्ट्रिय युवा संघ र नेकपा (एमाले) का सम्पूर्ण इमान्दार , स्वाभिमानी र क्रान्तिकारी योद्धाहरूलाई एउटा अन्तिम र निर्णायक लडाइँको लागि हार्दिक अपिल गर्न चाहन्छु:

म आज नेतृत्वलाई सोध्न चाहन्छु , र यो प्रश्न मेरो मात्र होइन , यो त हामी हजारौं कार्यकर्ताको प्रश्न हो - हामीले गाउँ-गाउँबाट आफ्नो पेट काटेर उठाएको लेभी , रगत पसिनाको कमाइबाट तिरेको सदस्यता शुल्क , र संगठनको नाममा जम्मा भएको करोडौंको आर्थिक स्रोत आज कहाँ छ ?केपी ओली कप, एआई सम्मेलन लगायतका कार्यक्रमहरूको नाममा खर्च भएको करोडौंको हिसाब खोइ?त्यसको आर्थिक पारदर्शिता खोइ?के त्यो तपाईंहरूको व्यक्तिगत सम्पत्ति हो , जसको हिसाब हामीले माग्न नपाउने?

अनि म त्यो संगठनको हिसाब माग्न चाहन्छु , जुन हामीले आफ्नो रगत र पसिनाले बनाएका थियौं । हामीले यो देशका ६० लाखभन्दा बढी युवाहरूलाई यो आन्दोलनमा जोडेका थियौं, उनीहरूलाई एउटा सुन्दर भविष्यको सपना देखाएका थियौं । आज त्यो संगठन कहाँ छ?ती युवाहरू कहाँ छन्?किन आज हाम्रो संगठन केही थान नेताहरूको गुट भेला गर्ने चौतारीमा परिणत भयो ?किन आज इमान्दार कार्यकर्ताहरू अपमानित भएर घर बस्न बाध्य छन् ?अनि, संगठनका पदाधिकारी र अन्यमाथि उठेका गम्भीर प्रश्नहरूको छानबिन कहिले हुन्छ ?कि ती प्रश्नहरूलाई सधैं गलैंचा मुनि लुकाइन्छ ?यो हाम्रो रगत-पसिनाको योगदानको हिसाब खोइ?

अनि यो कस्तो लोकतन्त्र हो , जहाँ महाधिवेशनमा पराजित भएकाहरूलाई रातारात टिपेर जिम्मेवारी दिइन्छ, तर हजारौं मतले जितेकाहरूको अपमान गरिन्छ ?के यो ती तमाम प्रतिनिधिहरूको मतको अपमान होइन ?के यो लोकतन्त्रको खिल्ली उडाएको होइन?तपाईंहरूले के अधिकारले हाम्रो यो विशाल विरासतलाई यसरी ध्वस्त पार्नुभयो?जवाफ चाहियो ! हामीलाई हाम्रो रगत-पसिनाको हिसाब चाहियो !

म तपाईंहरूलाई भन्न चाहन्छु - अन्यायको विरुद्धमा बोल्नुहोस् ! आज सुरज खरेलमाथि भएको अन्यायमा तपाईंहरू चुप बस्नुभयो भने , याद राख्नुहोस्, भोलि त्यो

अन्यायको तरबार तपाईंहरूकै टाउकोमाथि बर्सिनेछ । अब के होलाभनेर डराउने होइन,अब जे पनि हुन सक्छ' भनेर अगाडि बढ्ने हो ।

हामी एउटा यस्तो संगठन बनाउन चाहन्छौं , जहाँ हरेक सदस्यले शिर ठाडो पारेर आफ्नो विचार राख्न सकोस् । हामी एउटा यस्तो पार्टी बनाउन चाहन्छौं , जहाँ नेताको होइन, नीतिको शासन चलोस् । हामी एउटा यस्तो भविष्य बनाउन चाहन्छौं , जहाँ हाम्रा सन्ततिले हामीलाई धिक्कार्ने छैनन् , बरु गर्व गर्नेछन् । यो हाम्रो सपना हो , यो हाम्रो संकल्प हो ।

हामीलाई थाहा छ, यो बाटो सजिलो छैन । हामीमाथि अनेकौं हमला हुनेछन् , अनेकौं लाञ्छना लगाइनेछन् । तर, हामी डराउने छैनौं, हामी झुक्ने छैनौं । किनकि, हामीले जननेता मदन भण्डारीबाट सिकेका छौं - सत्यको बाटोमा हिंड्दा एक्लै पर्नु परे पनि पर्नुपर्छ, तर सत्यको बाटो छोड्नु हुँदैन ।

अन्त्यमा, म फेरि एकपटक दोहोर्या उन चाहन्छु - यो लडाइँको सुरुवात मात्र हो । यो आगो अब निभ्ने छैन । यो आगोले हाम्रो आन्दोलनभित्रका सबै फोहोर र अवसरवादलाई जलाएर खरानी बनाउनेछ , र त्यही खरानीबाट जबजको जगमा एउटा नयाँ, सुदृढ र क्रान्तिकारी संगठनको पुनर्जन्म हुनेछ !

**गुमाउनलाई केहि छैन, जित्नलाई संसार बाँकी छ!**

**क्रान्ति जारी छ !**
नेकपा एमाले जिन्दावाद !
**जबज जिन्दावाद !**

२०८२ साउन१६